# जिल्लाविकास समितिको कार्यालय बझाङको
# सार्वजनिक सुनुवाई प्रतिवेदन
# २०७१

दर्ता नं
मिति:



प्रतिवेदक
सहजकर्ता पत्रकार जगदीश रोकाया

## विषय सुची

विषय बस्तु — पृष्ठ

१ पृष्ठभुमी ....................1
२ कार्यक्रमको नाम ....................1
३ सार्वजनिक सुनुवाईको उद्देश्य .................... 1
क) आसन ग्रहण .................... २
ख) स्वागत मन्तव्य .................... २
ग ) सार्वजनिक सुनुवाईको प्रस्तुती ....................२
४ प्रस्तुतीका विषय बस्तु ....................४
५ सार्वजनिक सुनुवाईमा उठेका सवालहरु ....................४
६ सार्वजनिक सुनुवाईको प्रश्न / उत्तर , सल्लाह / सुझावहरुबा व्यवहोरा ....................५
७ सकारात्मक पक्ष ....................९
८ प्रतिवेदकको सुझाव .................... ....................९
९ सार्वजनिक सुनुवाईका केहि झलकहरु .................... ....................10

# सार्वजनिक सुनुवाई प्रतिवेदन २०७१

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
२०७१

**पृष्ठभुमी:**

स्थानिय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६ ले निर्दिष्ट गरे अनुसार हरेक सार्वजनीक निकायहरुले सेवाग्राही र सरोकारवालाहरु विच नियमित ( चौमासिक र वार्षिक ) रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने आवस्यक हुन्छ । सार्वजनिक सुनुवाईले शुसासन व्यवस्थामा मद्दत गर्नुको साथै अक्तियारवाला , सरोकारवाला , व्यक्ति र पीडित व्यक्तिको वास्तविक गुनासो प्रति जवाफदेहीको बोधको साथ पिडित प्रति सच्चा जिम्मेवार बनाउन्छ । साथै समास्याको सामाधान पनि सार्वजनिक सभाबाटनै हुने भएकाले यो विधिको शासन कायम गर्ने एउटा प्रजातान्त्रिक औजार पनि हो ।

यो प्रकृया अवलम्वन गर्दा योजना तथा कार्यक्रममा भएको कमि कमजोरीको खुलासाको साथ अतिआवस्यक सुधारजन्य कृयाकलाप हरुले निकास पाउने हुन्छ यसले सम्पुर्ण योजना तथा कार्यक्रम दिगो र प्रभावकारी हुनमा मद्दत गर्छ ।

यस्तो अवस्था तथा आयस्यकता लाई मध्यनजर गरी जिल्ला विकास समिति बझाङले विगतका वर्षझै यसपाली पनि सार्वजनिक सुनुवाई गरेको छ । सो सार्वजनिक सुनुवाईका आधारमा प्रतिवेदन तयार गरिएको ।

**कार्यक्रमको नाम जिल्ला विकास योजना तथा कार्यक्रम सार्वजनिक सुनुवाई**

**कार्यक्रम आयोजना गरिएको :** *मिति र समय २०७१ असार २९ गते विहान ११ बजेवाट ३ बजे सम्म*

**स्थान :** *जिल्ला विकास समितिको सभाहल*

**सार्वजनिक सुनुवाई गरेको निकाय :** *जिल्ला विकास समितिको सेवा प्रवाह साथै आर्थिक वर्ष २०७०।०७१ मा संचालीत योजना तथा कार्यक्रमहरुको ।*

**सार्वजनिक सुनुवाई सहजकर्ता :** *पत्रकार जगदीश रोकाया , सम्राट सिंह , जनक खड्का*

**सार्वजनिक सुनुवाइको उद्देश्यहरु :**

१ जिल्ला विकास वाट संचालीत भएका योजना तथा कार्यक्रममा भएको कृयाकलाप , प्रभावकारीता कमिमजोरी प्रष्टपार्नुको साथै आवस्यक सल्लाह सुझाव आत्मसात गर्न ।

२ अधिकारवाला व्यक्तिले गरेको गलत कार्यको विरोध प्रष्ट पार्न सो सम्वन्धि आवस्यक सुधारको प्रकृया अवलम्वन गर्न ।

३ समस्यामा परेका उपभोक्ता , जनता र पिडित व्यक्तिहरुको अख्तियार प्राप्त व्यक्तिसामु आफ्नो पिडा र समस्या राख्न र सो सम्वन्धि क्षेतिपुर्ती असुल गर्न ।

४ जिम्मेवार निकायहरुको गल्ती नदोहर्याउन र गल्ती सच्याउन ।
५ भ्रष्टचार अन्याय र अत्याचारको न्युनिकरण गर्ने साथै सेवा प्रदायक , सेवा ग्राहीतथा अक्तियारवालाहरुको विच पारदर्शिता कायम गर्न गरी जवाफदेही बनाई विकासमा सहकार्य गर्ने ।

**सार्वजनिक सुनुवाईका गतिविधिहरु**

**क) आसन ग्रहण प्रकृया**

**सभापती : स्थानिय विकास अधिकारी गणेश प्रशाद दहाल**

**प्रमुख अतिथी : सहयाक प्रमुख जिल्ला अधिकारी दशरथराम ओढ**

**अतिथीहरु :** नेपाली काँग्रेस सचिव भत्तराज जोशी , नेकपा एमाले सोनु सिंह, एनेकपा माओवादी जनक बुढा, नेकपा माओवादी आनन्दलाल विक, राप्रपा नेपाल प्रतिनिधि, राप्रपा प्रतिनिधि , जनमोर्चा पार्टी प्रतिनिधि, अखण्ड नेपाल साथै जिल्ला स्थित अन्य राजनितिक दलका प्रतिनिधि, गैसस प्रतिनिधि, पत्रकार महासंघ प्रतिनिधि ,विषयगत कार्यालय प्रमुख र संघ संस्थामा प्रमुख एवं प्रतिनिधिहरु एवम् जिल्ला स्थित सम्पुर्ण सेवाग्राहीहरु ।

**ख ) स्वागत मन्तव्य :** याम नारायण गौली , जिल्ला विकास समिति योजना अधिकृत तथा जयपृथ्वी नगरपालीकाका कार्यकारी अधिकृत ।

**ग) सार्वजनिक सुनुवाईको प्रस्तुती :**

स्थानिय विकास अधिकारी गणेश प्रशाद दहालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अथिती साहेक प्रमुख जिल्ला अधिकारी दशरथराम ओड रहेका थिए भने अतिथिहरु मध्य कार्यालय प्रमुख राजनितिक दलका नेता संघसंस्थाका प्रतिनिधि उपभोक्ताहरु र संरचारकमी तथा सेवाग्राही र सर्वसाधारण गरि जिविसको सभाहलमा भण्डै ८० जना सहभागी थियो ।
आसन ग्रहण कार्यक्रम भएपछि जिल्ला विकास समितिका योजना अधिकृत तथा जयपृथ्वी नगरपालीका कार्यकारी अधिकृतले शुभकामना तथा कार्यक्रमको औचित्यमाथी प्रकाश पारेका थिए । कार्यक्रम विहान ११ बजेवाट सुरुभएर करिव ४ घण्टा संचालन भएको थियो । कार्यक्रममा सहजकर्तावाट सार्वजनिक सुनुवाईका आचारसंहिता बारे जानकारि गरेको थियो ।
स्थानिय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम सहभागीहरु लाई निम्न बमोजिमका सार्वजनिक सुनुवाई आचारसंहिता पालना गर्न लगाईयो ।
१ सहभागीले हात उठाएर संकेत गरि प्रश्न सोध्ने पाउने छ ।
२ प्रश्नकर्ताले नाम ठेगाना सहित आफ्नो जिज्ञासा राख्न पाउने छ ।
३ एक प्रश्न कर्ताले बढी मा एक वा दुई सम्ममात्र प्रश्न सोध्न पाउने छ ।
४ आफु भन्दा अगाडीको सहभागीले सोधेको प्रश्न पुनह दोहर्याउन पाईने छैन ।
५ चित्त नबुझेको खण्डमा प्रश्न कर्ताले सहजकर्ताको अनुमती लिएर थप प्रश्न राख्ने पाउने छ ।

६ सहभागीले विना आधार कसैमाथी लान्छनायुक्तको भापको प्रयोग गर्न पाईने छैन । -
७ सुनुवाईका वक्ता तथा सहभागी लाई उत्तेजित पार्ने वा भाप या भावको प्रयोग गर्न पाउने छैन ।

८ सुनुवाई विथोल्ने प्रयास कतैवाट भएको प्रयास पाईएमा सबै सहभागी मिलेर सालिनता पुर्वक सामाधान खोज्ने कर्तव्य निंवाहगर्नु पर्ने छ ।

९ सुनुवाई विषययान्त हुनवाट रोक्नका लागी सबै सजग हुनु पर्ने छ ।

सहजकर्ताले केहि भुमिका बाँधिपछि पुन: योजना अधिकृत गौलीले आर्थिक वर्ष २०७०। ०७१ सालमा संचालीत जिल्ला विकासका कार्यक्रम र योजनाको बारेमा प्रस्तुतीकरण गरेका थिए । यसै विषय वस्तुका आधारमा रहेर सभाखुलागरी छलफल तथा गुनासा ,टिकाटिप्पणी गरिनुको साथै निम्नलिखीत कार्यक्रम र योजना अन्तर्गत् छलफल प्रकृया अगाडी बढाईयो ।

**४ प्रस्तुतीमा रहेका जिल्ला विकासका योजना तथा कार्यक्रम**

१ जिविस अनुदान तर्फका योजना र रकम
२ राजश्व बाँडफाँड तर्फका योजना र रकम
३ आन्तरिक आय तर्फ र पर्यटन पुर्वाधार तर्फका कार्यक्रम र रकम
४ अन्य कार्यक्रम तर्फ साना सिचाई । निंवाचन क्षेत्रविकासका योजना , थप अनुदान तर्फका योजना , सामुदायिक विकास कार्यक्रम , दुर्गम क्षेत्र, UPAP, DRILIP, पुन निंमाणका योजना , जलश्रोत उर्जा, ग्रामिणकृषि सडक, झोलुङ्गे पुल, बालमैत्रिक शासन , युएनफपिय, जिल्ला प्राविधिक कार्यालय अन्तरगतका संचालीत योजनाहरुको प्रस्तुत गरिएको थियो ।

**५ सार्वजनिक सुनुवाईमा उठेका सवाल**

१ योजनामा दोहरो पन भएको ।
२ योजनामा कमिसन आसंका ।
३ सार्वजनिक सुनुवाईमा सरोकारवालाको उपस्थिती न्युनहुनुको कारण ।
४ एउटै योजनामा ६ वटा निकायको संयुक्त लगानी ।
५ DRILIP, को योजना छनौट प्रति असुन्तुष्टी ।
६ जिल्ला शिक्षाले अवैधानीक बोर्डिङलाई अनुमती दिएको आसंका ।
७ जिल्ला अस्पतालमा खानेपानीको उपाय ।
८ राजनिकत दल संग सहकार्यगरी योजना दिएको वा नदिएको ।
९ योजनाको सम्पन्न नगरि भुक्तानि दिएको आसंका ।
१० युवा साँझेदारी रकम फ्रिज किन हुन गएको ।
११ जिल्ला विकास समिति र संसदकोषका योजनाहरुको अनुगमन ।
१२ गाविस सचिव गाँउमा नबसेको गुनासो ।
१३ भण्डारी गाँउमा कुलो सम्पन्न नभएको आसंका ।
१४ सहकारी भवन लेखगाँउ र जुईलीगाड देखी वाटो मर्मतमा रकम दुरुपयोगको आसंका ।

मिती; २०७१ /०३ /२९

| क्र.स. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिने को नाम,थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफ को छोटकरी व्योहोरा |
|---|---|---|---|---|
| 1 | श्री सोनु सिंह , नेकपा एमाले, चैनपुर | • पछिल्लो सार्वजनिक सुनुवाई को सुधारात्मक कुराहरुको जानकारी आउनुपर्यो ।<br>पर्यटन पुर्वाधार को क्षेत्रमा प्रगती को जानकारी तथा दोहोरोपन को आशंका<br>• समुदायिक सिंचाइ कार्यक्रम को बारेमा जानकारी मग्नु भयो! | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल<br>DTO प्रमुख श्री डेव राज बिष्ट | • सेवाग्रही लाई पहिले को अवस्था भन्दा अहिले को अवस्थामा के कती सहज् भयो!<br>• दोहोरोपन भएको योजन। प्रस्ट भन्नुपर्‍यो पुष्त्याई को प्रमाण समेत जानकारी गराइन्छ !<br>• छिरिगाइ योजना ८०% सम्पन्न ! बाउलिगाइ योजना ८०% सम्पन्न ! उपोवोक्ताको कमी देखिएकोछ !<br>• १४ योजना मध्ये १२ योजनहरु सम्पन्न भएको छ ! |
| 2 | श्री राजेन्द्र खड्का कोट देवल गा वि स | • बन्द कोठामा सुनुवाई सेवाग्राहिहरु को उपस्थिती बिना गरिएकोछ !<br>• सबै योजनहरु सम्पन्न भएको दावी गरीन्छ जुन चाँही सत्य छैन , फैरि पनी अनुगमन समिती गठन गरी अनुगमन गर्नु !<br>• LGCDP को बजेट ढिलो निकासा | • स्था बि श्री गणेश प्रसाद दाहाल | सेवाग्राहिलाई एफ एम बाट सुचित गरिएको छ अन्य माध्यम बाट पठाउन सकीयेन क्षमाप्राथी छौं!<br>• LGCDP को बजेट ढिलो नै आएकोले ढिलो निकासा गरिएको छ बजेट दुरुपायोगको काम हुन दिन्नौ |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री चन्द्र सिंह , नेकपा माओवादी | • बिगत सुचना अनुसार DRILIP को टेन्डर प्रकृया माथि आशंका<br>• जिल्ला शिक्षा कार्यालय ले गैर कनूनी रुपले चलेको स्कुलहरु माथि कारवाही को सट्टा ४ वटा स्कुलहरुलाई अनुमतीको हल्ला ?<br>जिल्ला स्वास्थ्य कार्यालय औषधीको ले ३० लाख को टेन्डर को सट्टा १७ लाख मात्रै किन गरेको ? | • श्री गोरख राज जोशी ईन्जिनियर DRILIP<br>• DEO प्रमुख श्री मोती लाला शर्मा<br>• जन स्वास्थ्य प्रमुख श्री ईन्द्र पौडेल | • ADB को guidelines र confirmation अनुसार गरेको हो बित्थद गोकुल कृषि सडक को कोटेसन भएको, जिबिस पारिषद मा पनि पास भएको छ !<br>• १६ वटा स्कुलहरुबाट माग भये अनुसार मन्त्रालय को स्वीक्रित कोटा ४ वटा स्कुल हरुलाई अनुगमन को आधारमा सही ठहर भये अनुसार नै अनुमती दिएको !<br>• Estimates स्वीक्रित भएपछी NGO/INGO लाई राखी टेन्दर गरिन्छ !<br>• Generator को सुविधा उपलब्ध छ !<br>• Ambulance बनि सकेकोछ! |
| ४ | श्री धर्म जङ सिंह ,नागरिक समाज ! | • बझाङ को बिकास निर्माण कार्य हुनुपर्दछ , तथा सर्वसाधारण लाई पनि जानकारी हुनुपर्दछ! | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल | • बिगत मा कुनै कमी भएकोछ भने सबै दल्हरु फेरि पनी बसी पुन बिचार गरी अगाडि बढौं यहाँ हरुको पनि दायित्व छ , बझाङ को बिकास हितमा सबै लाग्नुपर्दछ ! |
| ५ | श्री रमेश महर, अखंड नेपाल | सान्सद बिकास कोष को कार्यक्रमहरु को १००% प्रगति माथि ठुलो प्रश्न छ !<br>रकम मास्ने काम हुन सक्छ ! | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल | • सान्सद बिकास कोष को कुनै पनि योजना कार्यक्रम नभएको छ ! यदी त्यस्तो कुनै ठोस् सुचन छ भने प्रविधिकहरु माथि कारवाही अवस्य हुन्छ! |
| ६ | श्री शैलेन्द्र रोक्का।, जिल्ला युवा। सन्जाल | युवा साझेदारी क्यक्रम को रकम किन freeze भयो? | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल | • ३२ वटा NGO हरुले proposal पेश गरेको तर मन्त्रालय को guidelines अनुसार सम्झौता ,गरी जेष्ठ भित्र नै कार्य सम्पन्न हुनुपर्ने भएकोले जेष्ठ २८ गते सम्झौता गरी ३० गते |

| | | | | |
|---|---|---|---|---|
| | | | | freeze हुन दिन्नौ ! |
| 7 | श्री जगत खड्कापत्रकार महसंघ, | • अनुगमन प्रतिवेदन को आधारमा कती योजनाहरुको रकम रोक्का गरिएको छ?<br>• गाविस को सर्वजनिक सुनुवाई हुनुपर्छ !<br>• CIP कार्यक्रम तहत engineer के करणले निलम्बित हुनु पर्यो ब्यासि सिचाइ पारीयोजना मा।<br>• शिक्षा कार्यालय कार्यालयको ४ करोड रकम कसरी freeze भयो? | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल<br>DTO प्रमुख श्री डेव राज बिष्ट<br>• DEO प्रमुख श्री मोती लाल शर्मा | • ११ वटै ईलाका स्तरिय अनुगमन को रिपोर्ट आजको मिती , अहिले सम्म आएको छैन , उपभोक्ता समितिहरुको कार्य सम्पादन भएको निवेदन को आधार ए प्रविधिक मुल्याङ्कन आधार मा रकम निकसा भएको छ !<br>• अर्को पाली देखी गाबिसको सर्वजनिक सुनुवाई, सा.सु. भत्ताको पनि सार्वजनिक सुनुवाई गराउने ! जिबिसको सर्वजनिक सुनुवाई चौमासिक आधारमा जिल्ला भित्र पायक पर्ने ठाउँमा सेवाग्रहिलाई आमन्त्रित गरी गर्नेछौं !<br>• Consultant ए Engineer बिच विवाद भएको थियो! ADB बाट नै engineer को निलम्बन भएको छ!<br>• स्कुल construction अनतर्गत २ करोड २२ लाख आएको छ ! सात जना रहत कोटा को रकम अपुग भएको माग गर्दा पनि केन्द्र बाट आएको छैन ! दोहोरो सम्झौता अन्तर्गत शिक्षक को सरुवा भएको छ ! |
| 8 | श्री उत्तम भण्डारी, कर्मचारी ! | • तल्लो भण्डारी शिचाइ योजना CIP अनतर्गत कुलो बनेकै छैन भन्ने दावी , आजै अनुगमन गरियोस ! | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल | • आजै ४ बजे LDO साहेब को अगुआईमा तल्लो भण्डारी कुलो अनुगमन गर्ने निर्णय ! |

| | | | | |
|---|---|---|---|---|
| | क , नेकपा माओवादी | गर्ने परीपाटी ले सेवाग्रही हरु मारमा पर्न गएको!<br>• शान्ति पुनर्निर्माण को काम मा प्राविधिक यादव ज्यु माथि corruption को आरोप !<br>• एक स्वास्थ्य चौकी मा एक अहेव को नियुक्ती आबस्यक्ता ! | • स्था बि अधिकारी श्री गणेश प्रसाद दाहाल | building निर्माण मा काम बमोजिम नै रकम निकसा भएको, पैसा लिएको कुरा गलत ठहार!<br>• छानबिन गरी सत्यतथ्य पत्ता लगाउने आश्वासन ! |
| 10 | श्री रजेन्द्र सिंह, पत्रकार महसंघ | • एक शिक्षक ले नियम बिपरित दोहोरो अध्यापन गरेको आशंका (स्थाई पद मा समेत रहेर) ! | • DEO प्रमुख श्री मोती लाल शर्मा | अख्तियार को परीपत्र अनुसार जनशक्ती को अभाव भएको कारण ले बिहान १० बजे देखी ४ बजे को समय बाहेक अध्यापन गर्न पाउछ तर एउटै समयमा दोहोरो अध्यापन स्थाइ नियुक्ती भए कारवाही हुन्छ! |
| 11 | श्री शैलेन्द्र रोक्क। | • नागरिकता मा आफ्नो सहोदर नतेदारले सनाखत गरेको प्रमाण भएको खण्डमा प्रहरी मुचुल्काको कती औचित्य छ? | • सहायक प्रमुख जिल्ला अधिकारी श्री दसरथ वड | • नागरिकता प्रमाण पत्र वितरण प्रचलित कनून बमोजिम नै हुन्छ, जस्मा प्रहरी मुचुल्काको आवश्यकता हुन्छ तर यस्ले गर्दा प्रहरी को काम मा चाप बढ्न गएकोले , अब देखी प्रहरी मुचुल्का नउठाई नगरकिकता बितरण गर्ने निर्णय भएको छ!<br>• सहायक प्रमुख जिल्ला आधिकारी को सुझावहरु;<br>नागरिकता टोली खटाई स्थनिय स्तर सम्म पठाउन सकिन्छ! |

| | | | | |
|---|---|---|---|---|
| | | | | गाबिस सचिब, हेल्थ पोस्ट स्टाफ सम्बन्धित गाबिसमा उपस्थित भाईदिने। सर्वजनिक सुनुवाईको प्रतिकृया र सुझावको व्योहोरा बनाई अभिलेख राख्ने। |

स्थानय बिकास आधिकारी ज्यु को सुझावहरु को छोटो विवरण;

- सेवाग्राहीहरुको सुझावहरुलाई स्वीकार्ने छौं ,यसलाई सम्पत्तिको रुपमा लिएकाछौं !
- बिकास गराउने मेसिनरी र सेवाग्राही बिचको सम्बन्ध सुधार गर्नेछौं !
- सेवाग्राहिहरुको उपस्थिती आशा अनुरूप हुनसकेको छैन आगामी दिनमा अझै प्रयास गर्नेछौं!
- बिकास निर्माण सम्बन्धी मुख्य कुराहरु उठेको छ यस्लाई गम्भिरता।पूर्वक लिनेछौं!
- आजको सर्वजनिक सुनुवाई बाट प्राप्त प्रतिकृया,सुझावहरुलाई भोलिका सार्वजनिक सुनुवाईमा समिक्षा गर्नेछौं!
- विषयगत कार्यालयहरु बाट धेरै नै पुष्ट्याई भएको छ,भोलिका दिन मा अझै गर्ने नै छौं!
- राजनीतिक दल्हरुलाई आग्रह छ कि हामी कर्मचारीहरुलाई सहयोग गर्नुहोस् ,पूर्वाग्रहको रूप्मा कर्मचारीलाई न हेरिदिनुहोस् 1
- तेस्रो पक्ष पत्रकार महसँघलाई धन्यवाद छ ,हामी लाई सहयोग गरेकोमा!
- समावेशी बिकास को अवधारणालाई अङ्गीकार गर्ने छौं!

७ सकारात्मक पक्ष

प्रश्नकर्ताको जवाफ अख्तियारी व्यक्तिले चित्तबुझ्दो दिएका थिए । सुनुवाई कार्यक्रम सभ्य र मर्यादित रुपमा भएको थियो । केहि उठेका जिज्ञासामा सभाका अध्यक्ष तथा स्वानिय विकास अधिकारीले तत्कालै ध्यान आर्कषण भई कार्यक्रम सकिए लगतै भण्डारी गाँउमा स्थलत निरिक्षण गरेका थिए ।

८ सहजकर्ताका सुझावहरु

कार्यक्रमको व्यवस्थापन पक्षलाई सुधार गर्नु पर्ने देखीन्छ । जस्तो माईकोफोन दुई वटा राम्रो संगचल्ने भए सहजकर्ता र प्रश्नकर्ता लाई सजिलो हुने थियो । सहभागीको बसाई व्यवस्थापन दुई साईड तिर गरेर विचमा सहजकर्ता जाने गर्नुपर्ने देखीन्छ । केहिले रिसाएर जवाफ दिने गरेकाले यस्तोबेला उग्रहुने सम्भावनाहुदाँ सार्वजनिक पदधारण गरेका व्यक्तिले आरोपतथा गुनासाहरु सुन्न सक्ने हिक्मत र ग्रहण गर्ने क्षमता राख्नु पर्छ ।

सहजकर्ता प्रतिवेदक

मुख्य सहजकर्ता पत्रकार जगदीश रोकाया अन्नपुर्ण पोष्ट । रेडियो नेपाल ,

सहायक सहजकर्ता पत्रकार सम्राट सिंह नयाँ पत्रिका र पत्रकार जनक खड्का एभिन्युज

सार्वजनिक सुनुवाईका केहि झलकहरु







समाप्त